# कलैया उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## प्रदेश नं.२ कलैया,बारा, (नेपाल)

पत्र संख्या :-
चलानी नम्बर :-

मिति :-२०७८/०१/१२

## दैनिक श्रमिक तथा ज्यालादारी सेवामा जनशक्ति लिने सम्बन्धी सूचना
**दोश्रा पटक प्रकाशित मिति :- २०७८/०१/१३**

यस उपमहानगरपालिकाको चालू आर्थिक वर्षको स्वीकृत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस स्थानिय तहमा पर्ने सम्पूर्ण वडाहरुबाट जस्ता पाता छाउनका लागि सङ्कलन भएका निवेदनहरुको सर्वेक्षण तथा सुपरिवेक्षण गर्ने कार्यका लागि तपसिल बमोजिमको पद र संख्यामा दैनिक श्रमिक तथा ज्यालादारी सेवामा जनशक्ति लिई काम गर्नु गराउनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिबाट ३ दिनभित्र स्थानिय तहले तयार गरेको जनशक्ति छनौट विधि बमोजिम दरखास्त आहवान पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी तथा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

तपसिल :-

| सि.नं. | पद | तह | माग संख्या | परीक्षा दस्तुर | सेवा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|
| १. | प्राविधिक सहायक | ५ | २ | १,०००/- | उपमहानगरपालिकाले तोके बमोजिम | २०७८ अषाढ मसान्त सम्म |

**आवश्यक पेश गर्नुपर्ने कागजातहरु :-**

क) नेपाली नागरिकताको प्रमाण पत्र
ख) पासपोर्ट साइजको फोटो २ प्रति ,
ग) शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र (Transcript)
घ) तालिम तथा अनुभव कागजातको प्रमाण पत्र

**१.प्राविधिक सहायक (सब इन्जिनियर, तह ५,इन्जिनियरिङ्ग सेवा,सिभिल समूह):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

**अन्य जानकारी**

**१) सम्पर्क गर्ने स्थान** :- रोजगार शाखा, कलैया उपमहानगरपालिकाको कार्यालय ।
**२) काम गर्नुपर्ने स्थान**:- यस उपमहानगरपालिकामा पर्ने सम्पूर्ण वडाहरु सबै
**३) कामको विवरण** :- सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धि प्राप्त भएका निवेदन अनुसार लाभग्राहीहरुको सर्वेक्षण र प्रतिवेदन फारम तयार गर्नुपर्ने ।
**४)उमेर**:- दरखास्त दिने अन्तिम दिनमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
**५)छनौट विधि**:- कलैया राजपत्रमा प्रकाशित भएको करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यबिधी, २०७५ बमोजिम

प्रहलाद प्रसाद वर्णवाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत